आर्थिक बर्ष : २०८३/८४

बैठक संख्या :३

आज मिति २०८३/०५/१६ गते बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तंपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| दाम ब. राना | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुंगाना |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री सुन्तली श्रीस |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

मिति :२०८३/०५/१६

निर्णय नं. १.

मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदी र त्रिशुली नदीमा आएको भिषण बाढीबाट रसुवा, नुवाकोट र धादिङ्ग लगायतका जिल्लामा भएको मानविय तथा भौतिक क्षतिप्रति दु:ख व्यक्त गर्दै उक्त दुखद् घटनामा परि ज्यान गुमाउनुहुने मृतक प्रति  भावपुर्ण श्रद्धाञ्जली तथा आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्ने, घाइतेहरुमा शिघ्र स्वास्थ्य लाभको कामना तथा बेपत्ता नागरिकको सकुशल उद्धार र प्रासिको कामना गर्ने, विपद्को सामना गर्न सम्पूर्ण निकाय, व्यक्ति र संघ संस्थाहरु सँग सहकार्य र समन्वय गर्ने प्रतिवद्धता गर्ने र विपद् पश्चातको उद्धार र राहतको लागि बिरुवा गाउँपालिका, गाउँपालिकाका जनप्रतिनिधि, गाउँपालिका र मातहतका कमर्चारी तथा शिक्षकहरुबाट तपसिल बमोजिमको रकम प्रधानमन्त्री दैवी प्रकोप राहत तथा उद्धार कोषमा २०८३ भाद्र मसान्त भित्र जम्मा गर्ने निर्णय गरियो ।

तपसिल

क. बिरुवा गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषबाट रु. ५,००,०००/- (अक्षरुपी पाँच लाख मात्र)

ख. जनप्रतिनिधिको सेवा सुविधाबाट कट्टा रकम (सम्पुर्ण जनप्रतिनिधिहरुको सेवा सुविधाबाट १० दिनको सेवासुविधा बराबर हुन आउने रकम)

ग. कर्मचारीको तलबबाट कट्टा रकम (अधिकृत स्तरका कर्मचारीहरुको ७ दिन, सहायक स्तरका कर्मचारीहरुको ५ दिन र श्रेणी बिहिन कर्मचारीहरुको २ दिनको तलब बराबर हुन आउने रकम)

घ. शिक्षक तथा विद्यालय कर्मचारीको तलबबाट कट्टा रकम (माध्यमिक तह शिक्षक, निम्नमाध्यमिक तह प्रथम, द्धित्तीय श्रेणीका शिक्षक र प्राथमिक तह प्रथम श्रेणीका शिक्षकहरुको ७ दिन, निम्नमाध्यमिक तह तृतीय, प्राथमिक तह द्धित्तीय र तृतीय श्रेणीका शिक्षकहरुको ५ दिन बराबर, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र बिद्यालय सहयोगीहरुको २ दिनको तलब बराबर हुन आउने रकम)

निर्णय नं. २.

बिरुवा गाउँपालिकामा रिक्त रोजगार संयोजक, छैटौं पदपुर्तीको लागि रोजगार संयोजक पदपुर्ती तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ५ बमोजिम तपसिलको पदपुर्ती समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. जिल्ला समन्वय अधिकारी- संयोजक
२. सूचना प्रविधि अधिकृत, सातौ, बिरुवा गाउँपालिका- सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत, बिरुवा गाउँपालिका, सदस्य सचिव

२०८३/५/१६

निर्णय नं. ३

बिरुवा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन सभामा पेश गर्नु पुर्व मुल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पठाईएकोमा थप संशोधन र परिमार्जनको लागि लेखि आएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ बमोजिम तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशको सुझाब बमोजिम परिमार्जन सहित स्वीकृत गरी थप मुल्याङ्कनको लागि पुन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पटाउने निर्णय गरियो ।

निर्णय नं. ४

बिरुवा गाउँपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. १०२ मा रहेको खरको छाना विस्थापन कार्यक्रम कार्यान्वयनका लागि चालु आ.व. मा

सम्पुर्ण वडाहरुमा कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट स्वीकृत बालबालिका तथा विशेष वर्ग सुरक्षा र संरक्षणका लागि तत्कालीन सुरक्षा कार्ययोजना (Immediate Action Plan) कार्यान्वयन गरी उक्त योजनाले बिरुवा गाउँपालिकालाई तोकेको कार्यहरु गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ६

मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदी र त्रिशुली नदीमा आएको भिषण बाढीबाट देशमा सृजित विपद्को अवस्थालाई मध्यनजर गर्दै हरितालिका तिजको अवसरमा गत विगतमा पालिका र वडा कार्यालयहरुबाट सञ्चालन गरिदै आएका कार्यक्रमहरु यस वर्ष औपचारिक रुपमा नगर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नवोदय क्लब बिरुवा ४ को आयोजनामा मिति २०८३/०६/०२ गते बिरुवा ४ खुदीमा स्वास्थ्य शिविर सञ्चालनको लागि (बिरुवा गाउँपालिकाबाट आर्थिक र औषधिजन्य सहयोग नहुने गरी) अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

कृषि अधिकृत श्री सन्तोष वि.क.ले कार्यालयमा पेश गर्नुभएको स्वईच्छिक राजिनामा मिति २०८३/०४/०१ बाट लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

बिरुवा गाउँपालिकाको स्थानीय युवा परिषद सञ्चालन कार्यविधि-२०८२ को दफा ३(घ) बमोजिम तपसिलका व्यक्तिहरुलाई सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

क. खुम माया थापा, बिरुवा-३

ख. संजोग परियार, बिरुवा-६

ग. लुक बहादुर भुजेल बिरुवा-४

निर्णय नं. १०

बिरुवा प्रज्ञा प्रतिष्ठानका अध्यक्ष श्री शंकर विरही गुरुङ्ग, बिरुवा-८ ले दिनुभएको राजिनामा स्वीकृत गर्ने र सिफारिस समितिबाट प्रज्ञा प्रतिष्ठन अध्यक्ष पदको लागि सिफारिस माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

बिरुवा ललाङ्ग तर्ले कुशुमभञ्याङ्ग सडक आयोजना (NCb/BRM/WORKS/009/2082-083 UPGRADING OF BIRUWA LALANG TARLE KUSHUMBHANJYANG ROAD) को निर्माण कम्पनी KORALA/MARSHALL/JGNS JV ले अस्थायी क्रसर उद्योग सञ्चालनको लागि अनुमती माग री कार्यालयमा निवेदन पेश गरेकोमा उक्त आयोजनाको लागि मात्र प्रयोग हुने र आयोजना अवधि पश्चात स्वत बन्द हुने गरी अस्थायी क्रसर उद्योग सञ्चालनको लागि जिल्ला समन्वय समिति स्याङ्जालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

बिरुवा गाउँपालिकाको आर्थिक ऐन-२०८२ मा छुट भएका तपसिलका शिर्षकका राजश्व दर र जरिवाना कायम गर्ने निर्णय गरियो ।

तपसिल

क. कर/ शुल्क

- खयर निकासि कर प्रतिक्यू फिट रु १५/-
- बंगुर सुंगुर पटके विक्रिवितरणको लागि ल्याउने रु. १०० प्रति गोटा प्रति पटक

ख. जरिवाना

| क्र.स. | शिर्षक | जरिवाना | | | कै. |
|---|---|---|---|---|---|
| | | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक | |
| पटकेकर(विक्री वितरणको लागि ल्याउने र घुम्ती पसल) | | | | | |
| १ | भैंसी, राँगा,प्रति गोट प्रति पटक रू. | १००० | १५०० | २००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | खसी, बोका, प्रति गोटा प्रति पटक रू. | ५०० | १००० | १५०० | |
| ३ | हाँस कुखुराः चल्ला बाहेक प्रति गोटा प्रति पटक रू | १०० | २०० | ३०० | |
| ४ | घुम्ती व्यवसायः फेन्सी प्रति पटक | १००० | १५०० | २००० | |
| ५ | घुम्ती व्यवसायः अन्य प्रति पटक | १००० | १५०० | २००० | |
| ६ | लत्ता कपडा सामानहरु गाडीबाट बेच्ने प्रति पटक | १५०० | २००० | ३००० | |
| ७ | खाद्यायन्न तरकारी तथा फलफुल गाडीबाट बेच्ने प्रति पटक | १५०० | २००० | २५०० | |
| ८ | मोटरसाइलमा बेच्ने प्रति पटक | ५०० | १००० | १५०० | |
| ९ | पोका तथा झोलामा बेच्ने प्रति पटक | ३०० | ५०० | ७०० | |
| १० | बंगुर सुंगुर | १०० | २०० | ३०० | |
| पशु निकासी कर पटके कर | | | | | |
| ११ | भैंसी रागाँ गोरु प्रति गोटा | १००० | १५०० | २००० | |
| १२ | पाडा पाडी बाच्छा बाच्छी | २०० | ३०० | ५०० | |
| १३ | बंगुर सुगुर | ५० | १०० | १५० | |
| १४ | बंगुर सुगुरको पाठा पाठी | ५० | १०० | १५० | |
| १५ | खसी बोका | ५० | १०० | १५० | |
| १६ | कुखुरा हाँस परेवा | ५० | १०० | १५० | |
| १७ | कुकाठ प्रति क्यु फिट | २००० | ३००० | ५००० | |
| १८ | कवाडी/ जडिबुटि प्रति के जी | ५ | १० | १५ | |
| १९ | दाउरा प्रति क्विन्टल | २००० | ३००० | ५००० | |
| २० | खयर प्रति क्विन्टल | ५००० | १०००० | १५००० | |

<u>निर्णय नं. १३</u>

वि.स. २०४६ साल पश्चात निर्वाचित भएका विरुवा गाउँपालिका स्थायी ठेगाना भएका सम्पुर्ण जनप्रतिनिधिहरुको विवरण संकलन गरी तथ्याङ्क व्यवस्थापन गर्ने तथा उँहाहरुले बिरुवा गाउँपालिकालाई पुर्याएको योगदानको कदर स्वरुप सम्मान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १४</u>

बिरुवा गाउँपालिकाले पेश गरेको प्रस्ताव अनुसार आ.व. २०८३/८४ को बजेट, योजना तथा कार्यक्रममा प्रदेश विशेष आयोजनामा समावेश बेसारडाँडा सामुदायिक स्वास्थ्य ईकाइ आयोजनाका लागि रु ४० लाख विनियोजन भई आएकोमा उक्त योजना खाली सामुदायिक स्वास्थ्य ईकाइ भवन

निर्माण बिरुवा-३ हुनुपर्नेमा अन्यथा भएकोले योजना संशोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १५</u>

स्वास्थ्य सेवा ऐन-२०५३ र नियमावली-२०५५को व्यवस्था बमोजिम नियुक्ति भई समायोजन ऐन २०७५ बमोजिम बिरुवा गाउँपालिकामा कार्यरत स्वास्थ्य सेवाका स्थायी कर्मचारीहरुलाई स्वास्थ्य सेवा ऐन-२०५३ र नियमावली-२०५५ बमोजिमको ग्रेड संख्या प्रदान गर्दै आएकोमा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन-२०७९ र नियमावली-२०८० बमोजिमको ग्रेड संख्या प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १६</u>

बिरुवा गाउँपालिका वडा नं १ स्थायी ठेगाना भएको नर बहादुर थापालाई मुखमा कुकुरले टोकेर घाईते भई उपचाररत रहेकोमा निजको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले निजलाई रु १५,०००/- आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतीले निर्णय गरियो।